# शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र

बाँसबारी, काठमाडौँ

## कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८०/०७/२४**

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस केन्द्रमा रिक्त देहायका पदहरूमा कार्य क्षमता मूल्याङ्कनद्वारा बढुवा मार्फत पदपूर्ति गर्न शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र कर्मचारीहरूको सेवाका सर्त र सुविधा सम्बन्धी नियमावली, २०५८ (छैंटौं संशोधन सहित) को विनियम ६.२ बमोजिम तोकिएको सेवा अवधि पूरा गरी न्यूनतम शैक्षिक योग्यता हासिल स्थायी कर्मचारीहरूले ३० दिनभित्र केन्द्रको वेबसाइटमा रहेको दरखास्त फाराम डाउन लोड गरी आवेदन पेस गर्न सम्बन्धित सम्भाव्य उम्मेदवारहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघी तथा रीत नपुगी आएको दरखास्त उपर कुनै कारबाही हुनेछैन।

| विज्ञापन नं. | पदको नाम | श्रेणी | सेवा/समूह /उपसमूह | पद सङ्ख्या | परीक्षा दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १/२०७९/८० | कार्डियाक सर्जन | रा.प.द्वितीय (क) | प्राविधिक/मेडिकल/कार्डियोभास्कुलर सर्जरी | १ | १,२५० |
| २/२०७९/८० | एनेस्थेसियोलोजिस्ट | रा.प.द्वितीय (क) | प्राविधिक/मेडिकल/एनेस्थेसिया | १ | १,२५० |
| ३/२०७९/८० | नर्सिङ सुपरभाइजर | रा.प. तृतीय (क) | प्राविधिक/मेडिकल/ नर्सिङ | १ | १,०५० |
| ४/२०७९/८० | सिस्टर | रा.प. तृतीय (ख) | प्राविधिक/मेडिकल/ नर्सिङ | १ | १,०५० |
| ५/२०७९/८० | वरिष्ठ स्टाफ नर्स | रा.प.अन. प्रथम (क) | प्राविधिक/मेडिकल/ नर्सिङ | ६ | ४५० |
| ६/२०७९/८० | वरिष्ठ परफ्युजन सहायक | रा.प.अनं. प्रथम (क) | प्राविधिक/मेडिकल/कार्डियोभास्कुलर सर्जरी | १ | ४५० |
| ७/२०७९/८० | प्रशासन सहायक | रा.प.अनं. प्रथम (ख) | प्रशासन/प्रशासन/प्रशासन | १ | ४५० |
| ८/२०७९/८० | वरिष्ठ ल्याब टेक्निसियन | रा.प.अनं. प्रथम (क) | प्राविधिक/मेडिकल/प्याथोलोजी | १ | ४५० |
| ९/२०७९/८० | वरिष्ठ रेडियोग्राफर | रा.प.अनं. प्रथम (क) | प्राविधिक/मेडिकल/रेडियोलोजी | १ | ४५० |

# शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र

बाँसबारी, काठमाडौँ

## आन्तरिक प्रतियोगात्मक परीक्षाद्वारा हुने पदपूर्ति सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८०/०७/२४**

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस केन्द्रमा रिक्त देहायका पदहरूमा आन्तरिक प्रतियोगिता मार्फत पदपूर्ति गर्न शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र कर्मचारीहरूको सेवाका सर्त र सुविधा सम्बन्धी नियमावली, २०५८ (छैंटौं संशोधन सहित) को विनियम ६.१४ बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले केन्द्रको वेबसाइट www.sgnhc.org.np को अनलाइन दरखास्त प्रणाली मार्फत आवेदन दिनुपर्नेछ। लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।

| विज्ञापन नं. | पदको नाम | श्रेणी | सेवा/समूह / उपसमूह | पद सङ्ख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | परीक्षा दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १०/२०७९/८० | वरिष्ठ नर्सिङ सुपरभाइजर | रा.प. द्वितीय | प्राविधिक/ मेडिकल/नर्सिङ | १ | नर्सिङमा कम्तीमा स्नातकोत्तर गरी कम्तीमा चार वर्ष नर्सिङ सुपरिभाइजर वा सो सरहको पदमा काम गरेको अनुभव वा नर्सिङ मा कम्तीमा स्नातक गरी कम्तीमा ८ वर्ष नर्सिङ सुपरिभाइजर वा सो सरहको पदमा काम गरेको अनुभव। | १,२५० |
| ११/२०७९/८० | सिस्टर | रा.प. तृतीय (ख) | प्राविधिक/ मेडिकल/ नर्सिङ | १ | नर्सिङमा कम्तीमा स्नातक गरेको र नर्सिङ सम्बन्धी कम्तीमा ३ वर्ष काम गरेको अनुभव। | १,०५० |

# शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र

बाँसबारी, काठमाडौँ

## खुला र समावेशी तर्फका प्रतियोगात्मक परीक्षाद्वारा हुने पदपूर्ति सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८०/०७/२४**

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस केन्द्रमा रिक्त रहेका देहायका सेवा, समूह, उपसमूहका खुला र समावेशी पदहरूमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट रीतपूर्वक दरखास्त आह्वान गरिएको छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले केन्द्रको वेबसाइट www.sgnhc.org.np को अनलाइन दरखास्त प्रणाली मार्फत आवेदन दिनुपर्नेछ। लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।

| विज्ञापन नं. | पदको नाम | श्रेणी | सेवा/समूह/ उपसमूह | पद सङ्ख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | परीक्षा दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १२/ २०७९/८० | कार्डियाक सर्जन | रा.प. द्वितीय (क) | प्राविधिक/ मेडिकल/ कार्डियो भास्कुलर सर्जरी | खुला १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कार्डियाक सर्जरीमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरी नेपाल सरकार मातहतका वा सार्वजनिक क्षेत्रका कार्डियाक सर्जरी सेवा भएका अस्पताल वा नेपाल सरकारबाट मान्यता प्राप्त कार्डियाक सर्जरी सेवा सहितको विशिष्टिकृत अस्पतालमा कम्तीमा ३ वर्ष कार्डियाक सर्जरी सम्बन्धी काम गरेको अनुभव हासिल गरेको।<br>वा<br>मान्यता प्राप्त शिक्षण संस्थाबाट कार्डियाक सर्जरीमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरी कम्तीमा १वर्षको कार्डियाक सर्जरीमा तालिम प्राप्त गरेको र नेपाल सरकार मातहतका वा सार्वजनिक क्षेत्रका कार्डियाक सर्जरी सेवा भएका अस्पताल वा नेपाल सरकारबाट मान्यता प्राप्त कार्डियाक सर्जरी सेवा सहितको विशिष्टिकृत अस्पतालमा कम्तीमा २ वर्ष कार्डियाक सर्जरी सम्बन्धी काम गरेको अनुभव हासिल गरेको।<br>वा<br>मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल सर्जरीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरी नेपाल सरकार मातहतका वा सार्वजनिक क्षेत्रका कार्डियाक सर्जरी सेवा भएका अस्पताल वा नेपाल सरकारबाट मान्यता प्राप्त कार्डियाक सर्जरी सेवा सहितको विशिष्टिकृत अस्पतालमा कम्तीमा तीन वर्ष कार्डियाक सर्जरी सम्बन्धी काम गरेको अनुभव हासिल गरेको। | १,२५० |
| १३/ २०७९/८० | कार्डियोलो जिस्ट | रा.प. द्वितीय (क) | प्राविधिक/ मेडिकल/ कार्डियोलोजी | खुला १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कार्डियोलोजीमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरी नेपाल सरकार मातहतका वा सार्वजनिक क्षेत्रका कार्डियोलोजी सेवा भएका अस्पताल वा नेपाल सरकारबाट मान्यता प्राप्त कार्डियोलोजी सेवा सहितको विशिष्टिकृत अस्पतालमा कम्तीमा तीन वर्ष कार्डियोलोजी सम्बन्धी काम गरेको अनुभव हासिल गरेको।<br>वा<br>मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्टरनल मेडिसिनमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरी नेपाल सरकार मातहतका वा सार्वजनिक क्षेत्रका कार्डियोलोजी सेवा भएका अस्पताल वा नेपाल सरकारबाट मान्यता प्राप्त कार्डियोलोजी सेवा सहितको विशिष्टिकृत अस्पतालमा कम्तीमा तीन वर्ष कार्डियोलोजी सम्बन्धी काम गरेको अनुभव हासिल गरेको।<br>वा<br>मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्टरनल मेडिसिनमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरी नेपाल सरकार मातहतका वा सार्वजनिक क्षेत्रका कार्डियोलोजी सेवा भएका अस्पतालमा कार्य गरेको वा नेपाल सरकारबाट मान्यता प्राप्त कार्डियोलोजी सेवा सहितको विशिष्टिकृत अस्पतालमा कम्तीमा तीन वर्ष कार्डियोलोजी सम्बन्धी काम गरेको अनुभव हासिल गरेको। | १,२५० |
| १४/ २०७९/८० | पिडियाट्रिक कार्डियोलो जिस्ट | रा.प. द्वितीय (क) | प्राविधिक/ मेडिकल/ कार्डियोलोजी | खुला १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट पिडियाट्रिक कार्डियोलोजीमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरी नेपाल सरकार मातहतका वा सार्वजनिक क्षेत्रका पिडियाट्रिक कार्डियोलोजी सेवा भएका अस्पताल वा नेपाल सरकारबाट मान्यता प्राप्त पिडियाट्रिक कार्डियोलोजी सेवा सहितको विशिष्टिकृत अस्पतालमा कम्तीमा एक वर्ष पिडियाट्रिक कार्डियोलोजी सम्बन्धी काम गरेको अनुभव प्राप्त<br>वा<br>मान्यता प्राप्त शिक्षण संस्थाबाट पिडियाट्रिक्समा स्नातकोत्तर गरी दुई वर्षको पिडियाट्रिक कार्डियोलोजीको तालिम प्राप्त गरी नेपाल सरकार मातहतका वा सार्वजनिक क्षेत्रका पिडियाट्रिक कार्डियोलोजी सेवा भएका अस्पताल वा नेपाल सरकारबाट मान्यता प्राप्त पिडियाट्रिक कार्डियोलोजी सेवा सहितको विशिष्टिकृत अस्पतालमा कम्तीमा एक वर्ष पिडियाट्रिक कार्डियोलोजी सम्बन्धी काम गरेको अनुभव प्राप्त।<br>वा<br>मान्यता प्राप्त शिक्षण संस्थाबाट पिडियाट्रिक्समा स्नातकोत्तर गरी नेपाल सरकार मातहतका वा सार्वजनिक क्षेत्रका पिडियाट्रिक कार्डियोलोजी सेवा भएका अस्पताल वा नेपाल सरकारबाट मान्यता प्राप्त पिडियाट्रिक कार्डियोलोजी सेवा सहितको विशिष्टिकृत अस्पतालमा कम्तीमा चार वर्ष पिडियाट्रिक कार्डियोलोजी सम्बन्धी काम गरेको अनुभव प्राप्त। | १,२५० |
| १५/ २०७९/८० | रजिस्ट्रार एनेस्थेसिया | रा.प. द्वितीय (ख) | प्राविधिक/ मेडिकल/ एनेस्थेसिया | खुला १ आ.ज. १ | एनेस्थेसियामा कम्तीमा डिप्लोमा उपाधि हासिल गरेको। | १,२५० |
| १६/ २०७९/८० | सिस्टर | रा.प. तृतीय (ख) | प्राविधिक/ मेडिकल/ नर्सिङ | खुला १ आ.ज. १ | नर्सिङमा कम्तीमा स्नातक गरेको र नर्सिङ सम्बन्धी कम्तीमा ३ वर्ष काम गरेको अनुभव। | १,०५० |
| १७/ २०७९/८० | परफ्युजन सहायक | रा.प. अनं. प्रथम (ख) | प्राविधिक/ मेडिकल/ कार्डियो भास्कुलर सर्जरी | खुला १ महिला १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट पर्फ्युजन प्रविधिमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको<br>वा<br>सामान्य चिकित्सा वा नर्सिङ विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी कम्तीमा एक वर्षको पर्फ्युजन सम्बन्धी काम गरेको अनुभव प्राप्त गरेको। | ४५० |
| १८/ २०७९/८० | ओभरसियर | रा.प. अनं. प्रथम (ख) | प्राविधिक/ इन्जिनियरिङ/ इलेक्ट्रिकल | खुला १ | इलेक्ट्रिकल इन्जिनियरिङमा प्रमाणपत्र तह उत्तीर्ण गरेको। | ४५० |
| १९/ २०७९/८० | प्रशासन उपसहायक | रा.प. अनं. द्वितीय | प्रशासन/ प्रशासन/ प्रशासन | खुला २ मधेसी १ | कम्तीमा एस.एल.सी. वा सो सरहको योग्यता उत्तीर्ण गरेको तथा कम्प्युटर सम्बन्धी सामान्य ज्ञान र सीप भएको। | ४५० |

**सेवाको किसिम** : स्थायी।

**परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता।

**दरखास्त बुझाउने माध्यम** : अनलाइन।

**अपलोड गर्नुपर्ने कागजातहरू** : उम्मेदवारले हालसालै खिचिएको डिजिटल फोटो (jpg),उम्मेदवारको हस्ताक्षर (jpg), न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, अनुभव र तालिमको प्रमाणपत्र साथै समावेशी समूहका विज्ञापनको हकमा समावेशी समूह खुल्ने कागजात pdf format (500 KB भित्र ) संलग्न गर्नुपर्नेछ। उल्लिखित प्राविधिक पदहरूमा आवेदन दिने उम्मेदवारहरूले सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र साथै अनुभव आवश्यक पर्ने पदहरूका लागि अनुभव सम्बन्धी विवरण उल्लेख गरी आफूले काम गरेको कार्यालय/संस्थाको प्रमुखबाट प्रमाणित गराई अनिवार्य pdf format (500 KB भित्र) संलग्न गर्नुपर्नेछ।

**दरखास्त दिने अन्तिम मिति :** २०८०/०८/१४ र दोब्बर दस्तुर तिरी २०८०/०८/२१ सम्म बुझाउन सकिनेछ।

**उमेरको हद** : दरखास्त दिने अन्तिम मितिसम्म प्रशासन सहायक तर्फका लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र प्राविधिक कर्मचारीहरूको हकमा सहायक तर्फका लागि १८ वर्ष र अधिकृततर्फ २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ। केन्द्रमा कार्यरत स्थायी कर्मचारीहरूको हकमा उमेर हद लाग्नेछैन।

**परीक्षा दस्तुर बुझाउने प्रक्रिया** : Connect IPS, प्रभु पे, IME Pay, मोबाइल बैंकिङ र इन्टरनेट बैंकिङ मार्फत तिर्न सकिनेछ। तोकिए बमोजिमको रकम जम्मा नगरेमा दरखास्त अस्वीकृत गरिनेछ। समावेशी तर्फको थप आवेदन दिने उम्मेदवारहरूको हकमा थप समूह प्रत्येकका लागि रु.२०० बुझाउनुपर्नेछ।

**परीक्षा दस्तुर बुझाउने अवधि** : अनलाइन माध्यमबाट दरखास्त पेस गरिसकेपछि माथि उल्लिखित कुनै एक विधिबाट दरखास्त दिन पाउने अन्तिम मितिसम्म तोकिएको परीक्षा दस्तुर /दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाइसक्नुपर्नेछ।

**तलबभत्ता तथा सेवा सुविधा** : केन्द्रको नियमानुसार।

**लिखित परीक्षा मिति** : लोक सेवा आयोगबाट लिखित परीक्षाको कार्यक्रम तय भए पश्चात् गोरखापत्र, लोक सेवा आयोग र केन्द्रको वेबसाइटमा प्रकाशन गरिनेछ।

**समावेशी समूहको विज्ञापनका लागि** : आदिवासी/जनजातिका हकमा : नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

मधेशीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

**विशेष सूचना** : सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० समेतका उत्प्रेषणका निवेदनहरूमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध मिलाए पछि कायम हुन आउने कुल पदहरू मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व. ०७९/८० मा समावेश नगरिएबाट वास्तविक रूपमा गुम्न गएका पदहरू समेत समेटी हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानुनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानुन बमोजिम पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ।

**द्रष्टव्य :**

१. प्रत्येक सेवा अन्तर्गत आ.प्र., खुला तथा समावेशी प्रतियोगिताको आधारमा लिइने परीक्षाहरू संयुक्त रूपमा एकै पटक एकै सिटिङमा लिइनेछ।
२. अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरूको हकमा दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा सम्बन्धित पदका लागि तोकिएको न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
३. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिनेछैन।
४. तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम शैक्षिक योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको म्यादभित्र दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिनेछैन।
५. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूको सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गरेको हुनुपर्नेछ।
६. दरखास्त दिने उम्मेदवारहरूको सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र नवीकरण भएको हुनुपर्नेछ।
७. परीक्षामा परीक्षार्थीले अनिवार्य कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।
८. पाठ्यक्रम केन्द्रको वेबसाइट www.sgnhc.org.np बाट प्राप्त गर्न सकिनेछ।
९. सोधपुछ तथा सम्पर्कका लागि टेलिफोन नं. ०१-४३७१३२२, ४३७१३७४, ४३७०६२२ Ext : 520, 252, 506, 507 इमेल : hr@sgnhc.org.np

**सदस्य सचिव**
**पदपूर्ति समिति**

\Adv1\Nirmalworks\2080\Kartik 24\

**Gangalal Hospital_Padpurti Notice**

**Size: 8x33**